सिदिङ्वा गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
(शिक्षा, युवा तथा खेलकुद शाखा)
साब्लाखु, ताप्लेजुङ
१ नं. प्रदेश, नेपाल

अध्यक्ष – ९८०७९२८५५५
उपाध्यक्ष - ९८५२६८११७१.
प्र.प्र.अ. –९८५२६६०१५३

प.स.०७७/०७८
च.नं. ३२१

मितिः २०७७/०३/०६

श्री सम्पुर्ण विद्यालयहरु,
सिदिङ्वा गाउँपालिका, ताप्लेजुङ

बिषयः विद्यार्थी भर्ना सम्बन्धमा ।

प्रस्तुत विषयमा शिक्षा तथा मानव स्रोत विकास केन्द्रको मिति २०७८।०३।०४ च.न १५ को पत्र यसै पत्र साथ संलग्न गरीएको छ । उक्त पत्रबाट व्यहोरा अवगत गर्नु भई सोही अनुसार गर्नु तथा गराउनु हुन अनुरोध छ ।

सुमन लिङदेन(लिम्बु)
प्रमुख प्रशासकीय अधिकृत



Scanned with CamScanner

नेपाल सरकार

शिक्षा,विज्ञान तथा प्रविधि मन्त्रालय

# शिक्षा तथा मानव स्रोत विकास केन्द्र

## (प्रारम्भिक बाल विकास शाखा)

सानोठिमी,भक्तपुर

प.सं. २०७७/०७८ मिति :- २०७८/०३/०४

च.नं. १५

विषय :- विद्यार्थी भर्ना सम्बन्धमा ।

सम्पूर्ण सामुदायिक तथा संस्थागत विद्यालयहरु

प्रस्तुत विषयमा यही २०७८ असार १ गतेबाट शुरु भएको नयाँ शैक्षिक सत्रका लागि सम्पूर्ण विद्यालयहरुले आ-आफ्नो सेवा क्षेत्र भित्रका अभिभावकहरुलाई टेलिफोन, इन्टरनेट, एफ.एम. रेडियो, टेलिभिजन तथा सामाजिक सञ्जाल समेतका माध्यमवाट सूचना प्रवाह गरी विद्यालय उमेर समूहका सम्पूर्ण वालवालिकाहरुलाई निम्नानुसार विद्यालयमा भर्ना गर्ने व्यवस्था मिलाउनु हुन अनुरोध छ :-

- विद्यार्थी भर्ना कार्यक्रम सञ्चालन गर्दा सम्वन्धित स्थानीय तह र स्थानीय प्रशासनसँग आवश्यक समन्वय तथा स्वास्थ्यका मापदण्ड पालना गरेर गर्ने,
- विद्यार्थीको भर्नाको अभिलेखीकरणका लागि सूचना प्रविधि लगायतका वैकल्पिक उपाय अपनाई भर्ना गर्ने त्यसका लागि अनलाइन भर्ना,फोन इन भर्ना समेतका विधिहरु अवलम्वन गर्ने,
- भर्ना अभियानको पहिलो चरण असार १५ गते सम्म सञ्चालन गर्ने र दोस्रो चरणका लागि विभिन्न सञ्चार माध्यमको अवलम्वन गरी आषाढ मसान्तसम्म विद्यालय उमेर समूहका सवै वालवालिकालाई भर्ना गर्ने व्यवस्था मिलाउने,
- भर्नाका समयमा अभिभावकको सम्पर्क नम्वर,इमेल ठेगाना लगायतका विवरण पनि संकलन गर्ने र वैकल्पिक सिकाइका लागि कुन माध्यममा विद्यार्थीको पहुँच छ सो पहिचान गरी अभिलेख राख्ने,
- यसरी भर्ना भएका विद्यार्थीहरुका लागि निःशुल्क पाठ्यपुस्तक उपलब्ध गराई वैकल्पिक माध्यमद्वारा पठनपाठन शुरु गर्ने,
- भर्ना भएका विद्यार्थीहरुको पूर्ण विवरणसहितको अभिलेख राखी भर्ना कार्यक्रम सम्पन्न भएपछि IEMIS मा अद्यावधिक गर्ने ।

**पुनश्चः** : ७५३ वटै स्थानीय तहहरु तथा ७७ वटै शिक्षा विकास तथा समन्वय इकाईहरुले आ-आफ्नो सेवा क्षेत्र भित्र भर्ना कार्यक्रमका लागि आवश्यक समन्वय र सहजीकरण गरिदिनुहुन समेत अनुरोध छ ।

२०७८/०३/०४

(धनसूदन चौलागाई)

शाखा अधिकृत

Scanned with CamScanner